बैठक संख्या : ६८(अठसठ्ठी)

आज मिति २०७९ जेठ २५ गते विदुर नगरपालिकाका प्रमुख श्री राजन श्रेष्ठ ज्यूको अध्यक्षतामा विदुर नगर कार्यपालिकाको निम्न सदस्यहरुको उपस्थितिमा नगर कार्यपालिका बैठक बसियो ।

| सि.नं. | नाम | पद | दस्तखत |
|---|---|---|---|
| १ | श्री राजन श्रेष्ठ | प्रमुख | |
| २ | श्री प्रभा बोगटी | उप प्रमुख | |
| ३ | श्री लेनिन रञ्जित | वडा अध्यक्ष | |
| ४ | श्री दिपक कायस्थ | वडा अध्यक्ष | |
| ५ | श्री बद्री प्रसाद रिमाल | वडा अध्यक्ष | |
| ६ | श्री निलम बाबु ढुंगेल | वडा अध्यक्ष | |
| ७ | श्री लिलानाथ न्यौपाने | वडा अध्यक्ष | |
| ८ | श्री श्याकृष्ण चालिसे | वडा अध्यक्ष | |
| ९ | श्री रबिन्द्र नेपाल | वडा अध्यक्ष | |
| १० | श्री कमल श्रेष्ठ | वडा अध्यक्ष | |
| ११ | | | |
| १२ | श्री गणेश कुमार नेपाल | वडा अध्यक्ष | |
| १३ | श्री बाबुराम तमाङ | वडा अध्यक्ष | |
| १४ | श्री उपिन्द्र खड्का | वडा अध्यक्ष | |
| १५ | श्री भरत बहादुर तमाङ | वडा अध्यक्ष | |
| १६ | श्री दिपक कुमाल | कार्यपालिका सदस्य | |
| १७ | श्री शिव बहादुर विश्वकर्मा | कार्यपालिका सदस्य | |
| १८ | श्री सिताराम मिजार | कार्यपालिका सदस्य | |
| १९ | श्री इन्दिरा मिजार | कार्यपालिका सदस्य | |
| २० | श्री राधिका तमाङ | कार्यपालिका सदस्य | |
| २१ | श्री विन्दा तिम्सिना (आचार्य) | कार्यपालिका सदस्य | |
| २२ | श्री शावित्री राई | कार्यपालिका सदस्य | |
| २३ | श्री सबु मिजार | कार्यपालिका सदस्य | |
| २४ | श्री मोहन प्रसाद मरासिनी | प्रमुख प्रशासकीय अधिकृत | |

## ६८ औं कार्यपालिका बैठक (२०७९।२।२५)

**एजेण्डा:**

१। विभिन्न समितिहरु गठन गर्ने,
२। नगरसभाको मिति तोक्ने,
३। आगामी आ.व. ०७९/०८० को बार्षिक योजना तर्जुमाको तयारी
४। विविध

**निर्णयहरु:**

**निर्णय नं. १ :** स्थानीय सरकार संचालन ऐन, २०७४ मा नगरपालिकाको काम कर्तव्य अधिकार सम्बन्धमा भएका व्यवस्था, नगरपालिका र वडा कार्यालयहरुको हालको विद्यमान अवस्थाका बारेमा प्रमुख प्रशासकिय अधिकृतबाट सामान्य जानकारी लिइयो ।

**निर्णय नं. २ :** स्थानीय तहको हालै सम्पन्न दोश्रो निर्वाचन (मिति २०७९ वैशाख ३०) मा सक्रियतापुर्वक भाग लिने विदुर नगरपालिका भित्रका सम्पूर्ण मतदाता, निर्वाचन सम्पन्न गराउन भूमिका निर्वाह गर्नुहुने निर्वाचन कार्यालयका कर्मचारी, मतदान कार्यलाई व्यवस्थित रुपमा सम्पन्न गराउन मतदान केन्द्रमा खटिएका कर्मचारी, सुरक्षाकर्मी, पत्रकार लगायत सबै पक्षलाई धन्यवाद दिने ।

**निर्णय नं. ३ :** स्थानीय सरकार संचालन ऐन, २०७४ तथा नगरपालिकाको कार्यसम्पादन नियमाबली, शिक्षा नियमावली अनुसार गठन गर्नुपर्ने देहायका समिति गठन गर्ने ।

| सि.नं | समिति | पदाधिकारी | कैफियत |
|---|---|---|---|
| १। | आर्थिक समिति | लेनिन रंजीत | संयोजक |
| | | कमल श्रेष्ठ | सदस्य |
| | | लिलानाथ न्यौपाने | सदस्य |
| | | पुष्कर शर्मा रिमाल | सदस्य सचिव |
| २। | सामाजिक विकास समिति | गणेश नेपाल | संयोजक |
| | | बाबुराम तामाङ्ग | सदस्य |
| | | विन्दा तिमिल्सीना आचार्य | सदस्य |
| | | देवी अधिकारी | सदस्य सचिव |
| ३। | पूर्वाधार विकास समिति | दीपक कायस्थ | संयोजक |
| | | जयराम खड्का | सदस्य |
| | | नीलमबाबु ढुङ्गेल | सदस्य |
| | | शिशिर लामिछाने | सदस्य सचिव |
| ४। | संस्थागत विकास सेवा प्रवाह तथा सुशासन समिति | लीलानाथ न्यौपाने | संयोजक |
| | | पंचमान तामाङ्ग | सदस्य |
| | | झक प्रसाद भट्ट | सदस्य |
| | | रामहरी खनाल | सदस्य सचिव |
| ५। | वतावरण तथा विपद् व्यवस्थापन समिति | बद्री प्रसाद रिमाल | संयोजक |
| | | श्यामकृष्ण चालिसे | सदस्य |
| | | राजकुमार श्रेष्ठ | सदस्य |
| | | सुवास पाण्डेय | सदस्य सचिव |

| | | | |
|---|---|---|---|
| ६। | विधायन समिति | रविन्द्र नेपाल | संयोजक |
| | | कमल श्रेष्ठ | सदस्य |
| | | सरला श्रेष्ठ | सदस्य सचिव |
| ७। | न्यायीक समिति | उप प्रमुख | संयोजक |
| | | गणेश कुमार नेपाल | सदस्य |
| | | सीता मिजार | सदस्य |
| ८। | स्थानीय राजश्व परामर्श समिति | उप प्रमुख | संयोजक |
| | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| | | बद्री रिमाल<br>इन्दिरा मिजार | |
| | | जिल्ला उद्योग बाणिज्य संघको प्रतिनिधी | |
| | | जिल्ला घरेलु तथा साना उद्योग संघको प्रतिनिधी | |
| | | राजश्व शाखा प्रमुख | सदस्य सचिव |
| ९। | अनुगमन समिति | उप प्रमुख | संयोजक |
| | | योजना शाखा प्रमुख | सदस्य |
| | | उत्तम शाह | सदस्य |
| १०। | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति | नगर प्रमुख | संयोजक |
| | | उप प्रमुख | सदस्य |
| | | भरत ब. तामाङ्ग<br>उपिन्द्र खड्का<br>सबु मिजार<br>राधिका तामाङ्ग | सदस्य |
| | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य सचिव |
| ११। | बजेट तथा कार्यक्रम तर्जुमा समिति | उप प्रमुख | संयोजक |
| | | विषयगत समितिका संयोजक ५ जना | सदस्य |
| | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| | | योजना शाखा प्रमुख | सदस्य सचिव |
| १२। | योजना फरफारक समिति | नगर प्रमुख | संयोजक |
| | | उपिन्द्र खड्का | सदस्य |
| | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| | | योजना शाखा प्रमुख | सदस्य सचिव |
| १३। | शिक्षा समिति | नगर प्रमुख | संयोजक |
| | | उप प्रमुख | सह संयोजक |
| | | मनमाया तामाङ्ग<br>सिता मिजार<br>भगवती राजभण्डारी | सदस्य |
| | | प्रमुख प्रशासकिय अधिकृत | सदस्य |
| | | शिक्षा समितिबाट तोक्ने | सदस्य |
| | | सुकमान डंगोल | सदस्य |
| | | अविभावक संघका प्रतिनिधी १ जना | सदस्य |

| | | | |
|---|---|---|---|
| | | शिक्षक महासंघको प्रतिनिधी १ जना | सदस्य |
| | | शिक्षा शाखा प्रमुख | सदस्य सचिव |

**निर्णय नं. ४ :** विदुर नगरपालिकाको आगामी नगरसभा मिति २०७९ असार १० गते बस्ने गरी नगरसभाको बैठक आव्हान गर्ने र नगरसभा सम्बन्धी सुचना सबै नगरसभा सदस्यलाई गराउने ।

निर्णय नं. ५ : नगरसभामा पेश गर्नुपर्ने नीति, योजना, वजेट तयारीका लागि प्रमुख, उपप्रमुख, वडाध्यक्ष, कार्यपालिका सदस्य लगायत कार्यालयका तर्फबाट प्रमुख प्रशासकिय अधिकृत सहित सबै शाखा प्रमुखले आ–आफ्नो तर्फबाट देहायको कार्यतालिका बमोजिम काम गर्ने ।

| सि.नं | क्रियाकलाप | समयावधी | कैफियत |
|---|---|---|---|
| १। | स्थानीय राजश्व परामर्श समितिको बैठकबाट आगामी आ.व.का लागि आन्तरिक राजश्वका श्रोत, दायरा र दर निर्धारण गर्ने | २०७९ जेठ २६ गते | |
| २। | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट आगामी आ.व.को बजेट सीमा निर्धारण | २०७९ जेठ २६ गते | |
| ३। | वडा र विषयगत समितिको लागि वजेट सीमा निर्धारण गरी पठाउने, | २०७९ जेठ २७ गते | |
| ४। | श्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिबाट प्राप्त सिलिङ्ग बमोजिम सम्बन्धित वडा र विषयगत शाखाले कार्यक्रम प्रस्ताव गर्ने | २०७९ असार २ गते | |
| ५। | विषयगत समितिको बैठक | २०७९ असार ३ र ४ गते | |
| ६। | बजेट तथा कार्यक्रम तर्जुमा समितिको बैठक | २०७९ असार ६ गते | |
| ७। | कार्यपालिकाको बैठक | २०७९ असार ८ गते | |
| ८। | नगरसभा | २०७९ असार १० गते | |

**निर्णय नं. ६ : विविध**

(क) विदुर नगरपालिकाको ४४ औं नगर कार्यपालिकाको बैठकले बाढी, पहिरो, चट्याङ्ग, हाबाहुरी एवं जंगली जनाबरको कारणले भौतिक, मानवीय तथा पशुबस्तुको क्षति भएमा क्षतिको मुल्याङ्कन गरी राहत दिने निर्णय भएकोमा उक्त निर्णयमा सुगुर, बंगुर छुट भएकोले यसरी माथि उल्लिखित विपद्का कारण सुगुर बंगुर मरी क्षति भएमा सम्बन्धित किसानलाई बढीमा रु. ७ हजार सम्म क्षतिपूर्ति रकम नगरपालिकाबाट उपलब्ध गराउने ।

(ख) यस बर्षको मनसुन शुरु भैसकेको र मनसुनजन्य विपद्बाट हुनसक्ने क्षतिलाई कम गर्न पुर्वसचेतना अपनाउन सबैमा हार्दिक अपिल गर्ने । साथै नगरस्तरीय विपद् व्यवस्थापन समिति, वडास्तरीय विपद् व्यवस्थापन समितिले आवश्यक पुर्वतयारी अपनाउने ।

(ग) विदुर नगरपालिकाको मुख्य बजार क्षेत्र बट्टार बजार देखी त्रिशुलीसम्मको दुबै तर्फको सडकनाली पुरिएर नालीबाट पानी बग्न छाडेको र बर्षात अगावै नाली सफा नगरेमा दुर्गन्ध फैलन सक्ने हुनाले नगरपालिकाको उपलब्ध श्रोत साधन प्रयोग गरी सरसफाई गर्ने र नगरपालिकाको श्रोत साधनले नभ्याउने भएमा थप श्रोत परिचालन गरी तुरुन्त सरसफाइ गर्न कार्यालयलाई निर्देशन दिने ।

(घ) विदुर नगरपालिका नगर कार्यपालिकाको मासिक बैठक प्रत्येक महिनाको १५ गते बस्ने र उक्त दिन सार्वजनिक विदा परेमा सोको भोलीपल्ट बस्ने,

**<u>प्रस्ताव नं. १ को निर्णय नं. (३) बारे असहमती सम्बन्धमा :</u>**

प्रस्ताव नं. १ को विभिन्न विषयगत समितिहरु गठन गर्ने सम्बन्धमा कार्यपालिका वैठकमा समिति गठन गर्दा कार्यपालिका सदस्यहरु सँग कुनै पनि छलफल नगरी प्रमुखले एकलौटी तरिकाले प्रस्तुत एजेण्डालाई निर्यायर्थ पेश गरेकामा स्थानीय राजपत्र भाग २ को परीक्षद ३ मा नगरपालिकाबाट कामको फछ्र्यौट कार्य सम्पादन नियमावली को दफा ११ को (२) उपनियम (१) बमोजिम सर्वसम्मत निर्णय हुन नसकेमा बहुमत सदस्यहरुको भावनालाई समेटी प्रमुखले निर्णय गर्नु पर्नेमा बहुमत कार्यपालिका सदस्यहरुको भावना विपरित प्रमुखले एकलौटी निर्णय गरेकोमा प्रस्ताव नं. १ उपर (विभिन्न समिति गठन सम्बन्धमा) बहुमत कार्यपालिका सदस्यहरुको असहमती रहेको छ ।

कार्यपालिका सदस्य :

१) लेनिन रञ्जित
२) दिपक कायस्थ
३) निलम वावु ढुंगेल
४) श्याम कृष्ण चालिसे
५) वावुराम तामाङ
६) दिपक कुमाल
७) राधिका तामाङ
८) सावित्री राई
९) सवु मिजार
१०) इन्दिरा मिजार
११) विन्दा तिम्सिना (आचार्य)
१२) सिताराम मिजार
१३) शिव बहादुर विश्वकर्मा